Shree Shadananada Campus
SMC Journal
***Article History:*** *Received date: November 30, 2025; Accepted date: February 1, 2026*
DOI: https://doi.org/10.3126/smcjsmc.v2i01.91619

# अनुराधा उपन्यासमा लैङ्गिक उत्पीडनको प्रतिरोध

**लोकबहादुर अर्याल**
श्री षडानन्द बहुमुखी क्याम्पस

**लेखकबारे**

श्री लोकबहादुर अर्याल (ORCID: 0009-0007-6927-7234) श्री अरुण माध्यमिक विद्यालय षडानन्द नगरपालिका दिङ्ला भोजपुरमा सामाजिक विषयको उच्च माध्यमिक तहमा कार्यरत हुनुहुन्छ साथै श्री षडानन्द बहुमुखी क्याम्पस अनुसन्धान व्यवस्थापन एकाइको सल्लाहकार हुनुहुन्छ।

यो लेखका सम्बन्धमा थप केही कुरा बुझ्नु परेमा उहाँलाई निजको इमेल ठेगानमा सम्पर्क गर्न सकिने छ।
Email: lokenaryal 47@gmail.com

**लेखसार**

लिङ्गका आधारमा समाज तथा समुदायमा पुरुषद्वारा नारीमाथि हुने अन्याय, अत्याचार, दमन, शोषणलाई नै लैङ्गिक उत्पीडन भनिन्छ । यही लैङ्गिक उत्पीडनको अन्त्यका लागि समाज तथा समुदायमा रहेका नारीले पुरुषवादी अन्याय, अत्याचार, दमन, शोषणको अन्त्यको माग गर्दै विद्रोह वा प्रतिरोध दर्साएका छन् । प्रस्तुत शोध लेखमा विजय मल्लको अनुराधा उपन्यासमा लैङ्गिक उत्पीडन र त्यसका विरूद्धको प्रतिरोध चेतनाको खोजी गरिएको छ । जसलाई व्यवस्थित, प्रामाणिक र गहन बनाउनका लागि सामग्री सङ्कलन तथा विश्लेषण विधिको प्रयोग गरिएको छ । प्रतिरोध प्रभुत्वशाली र अधीनस्थ संस्कृतिसित सम्बन्धित छ जहाँ दमित संस्कृतिले दमित संस्कृतिभन्दा बाहिर आफ्नो प्रभावको खोजी गरिरहेको हुन्छ । प्रभुत्वशाली वर्गको दमन, शोषण, अन्याय र अत्याचारका विरुद्ध अधीनस्थ वर्गले कुनै न कुनै रूपले प्रतिरोध जनाएका हुन्छन् । तिनमा केन्द्रीय संस्कृतिको केही न केही रूपमा प्रभुत्व हुन्छ । सांस्कृतिक प्रभुत्वकै कारण नारीहरू समाजमा पुरुषका तुलनामा हरेक क्षेत्रमा पछाडि परेका हुन् भन्ने सन्दर्भलाई अनुराधा उपन्यासकी अनुराधाको दिनचर्यालाई हेर्दा स्पष्ट हुन्छ । उपन्यासमा सांस्कृतिक नीतिनियम तथा पुरुषवादी सोचविरुद्ध अनुराधाले खुलेरै प्रतिरोध जनाएकी छ । गरिबी, विभेद, दमन, शोषण, आर्थिक, लैङ्गिक, जातीय विभेद आदिका कारण किनारीकृत बनेका वर्गलाई विभिन्न नीतिनियम तथा निर्णयको पहुँचमा पछाडि पारिनु हुँदैन भन्ने आवाज अनुराधा उपन्यासमा पाइन्छ । समाजमा रहेको पुरुषप्रधान सोच र त्यसबाट सृजित पुरुषको नारीप्रतिको व्यवहारले उपन्यासकी प्रमुख पात्र अनुराधा पीडित भएकी छे । यस कारणले त्यहाँ विद्रोहको सिर्जना गरेको छ । अनुराधाले रत्नमानजस्ता पुरुषद्धारा शारीरिक उपभोगका निम्ति रचिएको प्रपञ्चलाई कमजोर तुल्याउन अन्य पुरुषसँग सम्बन्ध राखेजस्तो गर्नु, बदला लिन छुरीद्वारा रत्नमानलाई हत्या गर्न खोज्नु र कथित स्वयंवरपछि पनि पति नमान्न परिवारसँग विद्रोह गर्नु जस्ता जे जति कार्य गरेकी छे ती सबैले अनुराधा उपन्यासमा लैङ्गिक उत्पीडनप्रतिको प्रतिरोध चेतना शसक्त रहेको देखिन्छ ।

***शब्दकुञ्जी:*** अधिरचना, जैविकीय, दमन, पितृसत्ता, विद्रोह

# अनुराधा उपन्यासमा लैङ्गिक उत्पीडनको प्रतिरोध

## विषय परिचय

बहुआयामिक साहित्य स्रष्टा विजय मल्ल (१९८२–२०५६) आधुनिक नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । उनले नेपाली साहित्यका क्षेत्रमा कविता, आख्यान र नाटक विधामा कलम चलाई उत्कृष्ट साहित्यिक कृतिहरू प्रदान गरेका छन् । जसमध्ये उनको सिर्जनात्मक योगदानको एक महत्त्वपूर्ण क्षेत्रको रूपमा आख्यानअन्तर्गत उपन्यास विधा रहेको छ । उनका अनुराधा (२०१८), कुमारी शोभा (२०३९) र श्रीमती शारदा (२०५६) गरी जम्मा तीनओटा उपन्यास प्रकाशित छन् । अनुराधा उपन्यासकी प्रमुख नारीपात्र अनुराधालाई पुरुषकेन्द्री समाजले पीडित बनाएको छ । उसलाई आफ्नो परिवारले इच्छाविपरीत रत्नमानसँग स्वयंवर गर्न बाध्य पारेको छ । अनुराधाले उक्त स्वयंवरलाई बहिष्कार गरे तापनि पितृसत्तात्मक समाजकै आडमा नभएको स्वयंवरलाई पनि भएको हो भनी समाजमा हल्ला फिँजाइएको छ । यसले गर्दा अनुराधाको इच्छाविपरीत जबरजस्ती रत्नमानसँग विवाह भएको हो भनी प्रमाणित गर्न खोज्नु र त्यसका विरुद्धमा सीमान्तीकृत जाति र वर्गको प्रतिनिधित्व गर्दै विद्रोह गर्ने चेतना यस उपन्यासमा सशक्त देख्न सकिन्छ । उपन्यासमा समाजमा रहेको पुरुषप्रधान सोच र त्यसबाट सृजित पुरुषको नारीप्रतिको व्यवहारले अनुराधा पीडित भएको कुराले उपन्यासमा विद्रोहको सिर्जना भएको छ । अनुराधाले रत्नमानजस्ता पुरुषद्धारा शारीरिक उपभोगका निम्ति रचिएको प्रपञ्चलाई कमजोर तुल्याउन अन्य पुरुषसँग सम्बन्ध राखेजस्तो गर्नु, बदला लिन छुरीद्वारा रत्नमानलाई हत्या गर्न खोज्नु र कथित स्वयंवरपछि पनि पति नमान्न परिवारसँग विद्रोह गर्नु जस्ता जे जति कार्य गरेकी छे ती सबैले नारी विद्रोहको रूप निर्माण गरेको छ । अनुराधा उपन्यासलाई लिएर विभिन्न व्यक्तिहरूले खोज, अनुसन्धान गरेका छन् । ज्ञानु पाण्डे (२०६६) ले विजय मल्ल स्मृति ग्रन्थमा विजय मल्लको 'अनुराधालाई अर्को कोणबाट हेर्दा' शीर्षकको लेख प्रकाशित गरेकी छन् । राजेन्द्र सुवेदी (२०६६) ले विजय मल्ल स्मृति ग्रन्थमा केही मनोविश्लेषणीय विन्दुहरू 'अनुराधा उपन्यासभित्रै' शीर्षकको लेख प्रकाशन गरेका छन् । दुर्गाबहादुर घर्ती (२०६८) ले 'जीवनीगत सन्दर्भमा विजय मल्लका उपन्यास' शीर्षकको लेखमा अनुराधा, कुमारी शोभा र श्रीमती शारदा उपन्यासका बारेमा सामान्य चर्चा गरेका छन् । सुधा त्रिपाठी (२०१२) ले नेपाली उपन्यासमा नारीवाद: पद्धति र प्रयोग पुस्तकको 'अनुराधा उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण' शीर्षकमा विजय मल्लको अनुराधा उपन्यासका बारेमा चर्चा गरेकी छन् । यिनै विभिन्न शीर्षकमा अनुराधा उपन्यासका सम्बन्धमा पूर्व अध्ययन भएका छन् तर लैङ्गिक उत्पीडन र त्यसका विरूद्धको प्रतिरोध चेतनामा आधारित भएर आजसम्म कुनै अध्ययन नभएकाले यसैमा मात्र सीमित भएर यस शोधलाई पूरा गरिएको छ ।

## शोधविधि

विजय मल्लको अनुराधा उपन्यासमा लैङ्गिक उत्पीडन र त्यसका विरूद्धको प्रतिरोध चेतनाशीर्षकको प्रस्तुत शोधलेखमा मुख्य रूपमा पुस्तकालयीय विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत लेखमा विजय मल्लको अनुराधा उपन्यास मुख्य विश्लेष्य सामग्री हो । यस अध्ययनसँग सम्बद्ध अन्य सामग्रीको सङ्कलन पनि

पुस्तकालयीय विधिबाट नै गरिएको छ । लिङ्गका आधारमा समाज तथा समुदायमा पुरुषद्वारा नारीमाथि हुने अन्याय, अत्याचार, दमन, शोषणलाई नै लैङ्गिक उत्पीडन भनिन्छ । यही लैङ्गिक उत्पीडनको अन्त्यका लागि समाज तथा समुदायमा रहेका नारीले पुरुषवादी अन्याय, अत्याचार, दमन, शोषणको अन्त्यको माग गर्दै विद्रोह वा प्रतिरोध दर्साएका छन् । यस शोध लेखमा अनुराधा उपन्यासलाई सत्ता र शक्तिमा आधारित लैङ्गिक उत्पीडन र त्यसका विरुद्धको प्रतिरोध, वर्गमा आधारित लैङ्गिक उत्पीडन र त्यसका विरुद्धको प्रतिरोध र पितृसत्तामा आधारित लैङ्गिक उत्पीडन र त्यस विरुद्वको प्रतिरोधका आधारमा विश्लेषणात्मक तथा व्याख्यात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । पूर्व स्थापित नियम तथा सिद्धान्तका आधारमा अध्ययन गरिएको हुनाले प्रस्तुत शोधलेख निगमनात्मक विधिमा आधारित रहेको छ ।

**सैद्धान्तिक आधार**

लैङ्गिकता शब्द अङ्ग्रेजी शब्द 'जेन्डर' को नेपाली रूपान्तरण हो । यस शब्दले खास गरी स्त्रीत्व (फेमिनिटी) र पुरुषत्व (मस्क्युलिनिटी) लाई सङ्केत गर्दछ । लैङ्गिकताको अध्ययनसँग लिङ्ग (सेक्स) र लैङ्गिक (जेन्डर) दुवै जोडिएर आउँछन् । यी दुई समान नभएर भिन्न हुन् भन्ने धारणामा स्पष्ट हुनु आवश्यक छ । शाब्दिक अर्थमा लैङ्गिकता लिङ्गसँग सम्बन्धित देखिए पनि सामाजिक सन्दर्भमा हेर्दा लिङ्ग र लैङ्गिकतामा भिन्नता पाइन्छ । ''लिङ्ग प्रकृतिद्वारा निर्धारित हुन्छ भने लैङ्गिकता समाजबाट निर्धारित हुन्छ । त्यसैले लैङ्गिकता कृत्रिम कुरा हो । यो सामाजिक, सांस्कृतिक सन्दर्भबाट निर्मित हुन्छ । समाजले पुरुष र स्त्रीका सम्बन्धमा निर्धारित गरेका मान्यता, धारणा, संस्कार, व्यवहार, भूमिका, चिन्तन आदिको समष्टिलाई लैङ्गिकता शब्दले बुझाउँछ । लिङ्गगत भिन्नताका आधारमा समाजले पुरुष र महिलाका लागि जे जस्ता सामाजिक, सांस्कृतिक तथा पारिवारिक भूमिका निर्धारित गरिदिएको हुन्छ ती सबैलाई लैङ्गिकताअन्तर्गत राख्न सकिन्छ (ज्ञवाली, २०७०, पृ. ४८) ।'' त्यसैले लिङ्ग प्राकृतिक र जैविक हो जो सबैतिर एकैनासको हुन्छ तर लैङ्गिकता मानवनिर्मित अवधारणा भएकाले भिन्न मूल्यमान्यता भएका भिन्न–भिन्न समाजमा भिन्न भिन्न किसिमको हुन्छ । त्यति मात्र नभएर यो परिवारैपिच्छे भिन्न र विशिष्ट किसिमको हुन सक्छ ।

लिङ्ग र लैङ्गिक फरक विषय हुन् । लिङ्ग प्रकृतिले मानवलाई दिएको शारीरिक संरचनालाई चिनाउने जीववैज्ञानिक विषय हो भने लैङ्गिकता सामाजिक, सांस्कृतिक पक्षसँग सम्बन्धित छ । लिङ्ग सार्वभौमिक र जैविकीय विषय हो भने लैङ्गिकता सामाजिक सांस्कृतिक सन्दर्भमा निर्मित हुन्छ । ''सामान्यतः प्रकृतिप्रदत्त भिन्न शारीरिक संरचनाकै कारणले जैविकीय रूपमा महिला र पुरुष भनेर छुट्याउने जुन आधार छ त्यसलाई नै लिङ्ग भनिन्छ । जैविकीय रूपमा महिलाको शरीरमा मासिक श्राव, गर्भाधारण र स्तनपानको क्षमता हुनु तथा पुरुषको शरीरमा वीर्य उत्पादन क्षमता हुनु महिला र पुरुषका बिचमा देखिने लिङ्गगत भेद हो, यसैलाई लिङ्गका नामले बुझिन्छ तर महिला र पुरुषका बिचमा विभेदको निर्माण प्राकृतिक भिन्नताका आधारमा नभई सामाजिक, सांस्कृतिक पक्षबाट हुने गरेको जुन प्रक्रिया र पद्धति छ त्यसैबाट लैङ्गिकताको निर्माण भएको हुन्छ । यसले स्त्रीत्व र पुरुषत्वसम्बन्धी मूल्य, मान्यता, धारणा, व्यवहार, भूमिका, उत्तरदायित्व, गुण, स्वभाव आदिलाई बोध गराउँछ (ज्ञवाली, २०७०, पृ. ४९) ।'' यस विचारबाट के स्पष्ट हुन्छ भने लिङ्गगत भेदकै आधारमा समाज, समुदाय तथा सामाजिक, सांस्कृतिक एकाइद्वारा निर्धारण गरिएका लिङ्गगत काम, व्यवहार र जिम्मेवारी जुन छन् ती भूमिकालाई लैङ्गिकताभित्र हेर्न सकिन्छ । लैङ्गिकता मानवनिर्मित अवधारणा भएकाले यसको अवस्था समाज, जात, वर्ग, उमेरका महिला र पुरुषका प्रवृत्ति

र मूल्यमान्यतामा फरक हुन जान्छ ।

सामाजिक, सांस्कृतिक पक्षद्वारा लैङ्गिकताको निर्माण भएको हुन्छ । पुरुष र महिलाको समाजको संरचनागत सांस्कृतिक अधिरचनागत संस्थाहरूसँग कस्तो सम्बन्ध हुन्छ, समाजमा तिनको भूमिका, प्रभुत्वको स्थितिलगायतका पक्षहरूको खोजी यसमा गरिन्छ । लैङ्गिकताभित्र महिला र पुरुषको प्राकृतिक पक्षको नभई सांस्कृतिक पक्षको अध्ययन गरिन्छ । ‘‘लैङ्गिक अध्ययनमा पुरुष र महिलाको सम्बन्ध, समाजमा तिनको आर्थिक, सामाजिक, सांस्कृतिक संरचनामा पुरुष र महिलाको अवस्था कस्तो छ भन्ने आधार प्रमुख रहन्छ । त्यस्तो लैङ्गिक सम्बन्धको स्वरूप मूलतः राजनीतिक हुन्छ जसले गर्दा लैङ्गिक विभेद, पितृसत्ता, शरीर राजनीतिजस्ता राजनीतिक विषयहरू लैङ्गिक अध्ययनका खोजीमा पर्दछन् (भट्टराई, २०६८, पृ. २६१) ।’’ यस विचारबाट समाजमा महिलाको अवस्था, पितृसत्ताका कारण महिलाहरूको दमन र शोषणका कारणहरूको खोजी गरिन्छ । लैङ्गिकता लिङ्गका सन्दर्भबाट भन्दा पनि यौनका सन्दर्भबाट आएकाले लैङ्गिक दमन, हिंसा, पुरुषहरूको महिलामाथिको यौनिक व्यवहार, विचारधारा, पहिचान, प्रतिनिधित्व आदिको विश्लेषण लैङ्गिकताअन्तर्गत आउँछन्:

> सामाजिक मान्यता र संस्कृतिमा आधारित सामाजिक भूमिकाले महिला र पुरुषका बिच विभेद, असमानता, उत्पीडन, हिंसा र द्वन्द्वको स्थितिसमेत सिर्जना गर्दछ । समाज विकासको लामो समयसम्म विभेदपूर्ण लैङ्गिक मान्यताकै कारण महिलाहरूको विकास पुरुषसरह हुन नसकेको हो । यस आधारमा समाजलाई हेर्दा प्रायः समाजका पुरुषको पहिचान सक्रिय, विवेकी, आत्मनिर्भर र स्वतन्त्र देखिन्छ भने महिलाको पहिचान निष्क्रिय, भावनात्मक, परनिर्भर वा आश्रित भएको देखिन्छ (गुरागाईं, २०७१, पृ. ८३) ।

अतः यो पहिचान स्वाभाविक रूपले महिला र पुरुषबिचको शक्तिसम्बन्ध, पितृसत्तात्मक समाजको स्वरूप र महिलावादसँग सम्बन्धित हुने गर्दछ । लैङ्गिक पहिचानको निर्माणमा समाज र संस्कृतिको स्वरूप, सामाजिक मान्यता र व्यवहारहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ भन्ने कुरा माथिको मान्यताबाट स्पष्ट हुन्छ । लिङ्गका आधारमा समाज तथा समुदायमा पुरुषद्वारा नारीमाथि हुने अन्याय, अत्याचार, दमन, शोषणलाई नै लैङ्गिक उत्पीडन भनिन्छ । यही लैङ्गिक उत्पीडनको अन्त्यका लागि समाज तथा समुदायमा रहेका नारीले पुरुषवादी अन्याय, अत्याचार, दमन, शोषणको अन्त्यको माग गर्दै विद्रोह वा प्रतिरोध चेतना दर्साएका छन् । यस शोधलेखमा मुख्य गरेर सत्ता र शक्ति, वर्ग र पितृसत्तामा आधारित लैङ्गिक उत्पीडनलाई मानक वा आधार बनाई अनुराधा उपन्यासको विश्लेषण गरिएको छ ।

## सत्ता र शक्तिमा आधारित लैङ्गिक उत्पीडन र त्यसका विरुद्धको प्रतिरोध चेतना

अनुराधा उपन्यासमा बाबुकाजी, कोमलमान, रत्नमान, समुद्रमानलगायतका पात्रले महिलाप्रति हेर्ने दृष्टि र गर्ने व्यवहारले समाज तथा समुदायमा लैङ्गिक उत्पीडनको अवस्था देखिन्छ भने बाबुकाजी, कोमलमान, रत्नमान, समुद्रमान लगायतका पात्रले महिलाप्रति गरेको व्यवहारका विरुद्ध उनीहरूले गरेको सङ्घर्ष वा विद्रोहको अवस्थाले प्रतिरोध चेतनालाई झल्काउँछ । उपन्यासमा सत्ता र शक्तिको नजिक रहेका व्यक्ति वा समूहबाट जुन स्तरमा लैङ्गिक रूपमा पुरुषवर्गद्वारा पछि पारिएका, कमजोर ठहरिएर उत्पीडनको सिकार भएको देखिन्छ । उपन्यासमा पुरुषवादी सत्ता र शक्तिका कारण उत्पीडनमा नारीले आफूहरूमाथि पुरुषवादी समाज तथा समुदायबाट हुने अन्याय, अत्याचार, दमन, शोषण सशक्त रूपमा सङ्घर्ष नगरे तापनि समयको परिवर्तनसँगै उपन्यासमा आएका नारीपात्रमा भने प्रतिरोध

चेतना र सङ्घर्षको स्तर पहिलेको तुलनामा बढ्दै गएको देखिन्छ । यसो हुनुमा सामाजिक सांस्कृतिक परिवर्तन तथा शिक्षाको क्षेत्रमा भएको विस्तारकै कारण हो ।

काठमाडौँको सुविधासम्पन्न परिवारमा जन्मिएकी अनुराधादेवी आर्थिक रूपमा सम्पन्न हुँदाहुँदै पनि आफ्नै परिवार तथा समाजमा सत्ता र शक्तिका पछि लागेर आफ्नो हैकम कायम राख्न चाहने शोषक वर्गबाट उत्पीडनमा पर्न पुगेकी छे । अनुराधा उपन्यासमा महिलालाई केवल घरसजावटको साधन, पुरुषको भोग गर्ने भाँडोका रूपमा मात्र देखाइएको छ । सत्ता र शक्तिकै आडमा समाजमा अनुराधादेवीजस्ता कैयौँ नारीहरूलाई लैङ्गिक रूपमा दबाएर राख्ने, राम्रा केटी देख्नेबित्तिकै स्वास्नी बनाउन पछि नपर्ने बाबुकाजीको चरित्र तथा त्यसका विरुद्ध लागि निरन्तर प्रतिरोध जनाउने शिक्षित नारीका रूपमा अनुराधादेवीलाई यस उपन्यासमा देखाइएको छ । अनुराधादेवीबाहेकका महिलाहरूको अवस्था भने अत्यन्तै दयनीय रहेको पाइन्छ । उपन्यासमा वर्णन भएको गाउँमा महिलाको अस्तित्व र अस्मिताको कुनै मूल्य छैन । यहाँ महिलालाई केवल भोगको भाँडो तथा घरसजावटको साधनका रूपमा मात्र लिइन्छ । पुरुषवादी समाज तथा समुदायमा महिलालाई स्वार्थपूर्तिको साधनका रूपमा मात्र हेरिन्छ भन्ने कुरा तलको उदाहरणमार्फत स्पष्ट हुन्छ :

> उसमा आमा, दिदीहरू चाहन्छन्– उसले आफ्नो खुसी र आफ्नो स्वतन्त्रतालाई पूरै बलिदान गरी परिवारको इज्जतको लागि चुपचाप रत्नमानकी स्वास्नी बन्न स्वीकारोस् र उसको घरमा भित्रोस् । त्यहाँ उसले सामान्य गृहिणी नारीको जीवन बाँच्न रोजोस् । रत्नमानको घृणास्पद चरित्रप्रति उसका आमा दिदीहरूलाई कुनै गुनासो छैन । उनीहरूले केवल रत्नमानको धन देखेका छन्, अनि प्रतिष्ठित जागिर र उसको कथित सम्मानित सामाजिक जीवन । बस त्यतिलाई हो उनीहरूले महत्त्वको कुरा ठानेको । आफ्नो अस्तित्वमाथि अधिकार प्राप्त गर्न खोज्ने अनुराधाको चाहनालाई तिनीहरूले बुझ्न नसक्नु वा बुझेर पनि बुझ पचाउनुले तिनीहरू समाजमा पितृसत्ताको प्रभुत्व बचाएर यथावत् राख्न चाहन्छन् भन्ने पुष्टि हुन्छ (पृ. ६९) ।

प्रस्तुत हरफमा पितृसत्तात्मक संस्कारका कारण अनुराधा सत्ता र शक्तिको उत्पीडन सहन बाध्य छे । परिवारको इज्जतका लागि उसले आफ्नो खुसीलाई बलिदान दिनुपर्ने नेपाली समाजको यथार्थ तस्बिर यहाँ आएको छ । यसका साथै उपन्यासमा छोरी भएर जन्म लिइसकेपछि नारीलाई समाजमा चलिरहेको धार्मिक, सांस्कृतिक रीतिरिवाज प्रथाप्रति औँला ठड्याउने अधिकार नरहेको कुरालाई पनि यथार्थ रूपमा देखाइएको छ । अनुराधाका आमा र दिदीहरू आफूले के गरिदिँदा परिवारको इज्जत बाँच्छ, सोही मात्र सोच्नुपर्ने ठान्दछन्, तर अनुराधाले भने त्यसको विपरीत गएर आफ्नो पहिचानका साथ स्वतन्त्र भएर जीवन बाँच्न पाउनुपर्ने कुरा उल्लेख गर्दै सिङ्गो समाजप्रति नै प्रतिरोधी चेतना दर्साएकी छे । त्यस्तै यस उपन्यासमा रत्नमान पितृसत्तात्मक संस्कार र पुरुषप्रधान मानसिकताको जिउँदोजाग्दो प्रतिरूप बनेर प्रस्तुत भएको छ । अनुराधामाथि गिद्धे दृष्टिले हेर्नु, नारीलाई भोग्या चिज मान्नु, नारीमाथि एकाधिकार जमाउन खोज्नुले पनि उसको पितृसत्तात्मक चरित्र तथा त्यसप्रतिको प्रतिरोध चेतनालाई तल उल्लेख गरिएको छ:

> उनीहरूले मलाई त्यस्तै नारी सम्झने भूल गरे जसमा नजिक अस्थायी रूपले मात्र विद्रोह रहिरहन्छ केही काल बितेपछि दुर्बलतापूर्वक आत्मसमर्पण गरिदिन्छे, यिनीहरूको यसप्रकारको विचार सामाजिक संस्कारको प्रतिफल थियो तर मलाई अर्कै नारी भन्ने सम्झन सकेनन्, जो आत्माभिमानलाई कुनै मूल्यमा पनि बेच्न सक्तिन बरु आफू बर्बादी भएर जान्छे (पृ. ९०) ।

माथि प्रस्तुत हरफमा समसामयिक समाजमा भिजेकी अनुराधाको आधुनिक संस्कार र उही रूढिबुढीमै रमाएका उसका आमा, दिदीहरूको पुरातन संस्कारका बिचको भिन्नता देख्न सकिन्छ। नारी भएकै कारण कमजोर हुनुपर्ने, अर्कालाई शरीर सुम्पनुपर्ने नेपाली समाजका विरुद्ध उभिएकी अनुराधामा सत्ता र शक्तिका विरुद्व प्रतिरोध चेतना जागृत भएको देखिन्छ। नारीलाई निर्जीव वस्तुसरह सोच्नु, नारीको सुखलाई धन सम्पत्तिसित दाँज्नु, उसलाई अर्काको धनमा रमाएर बाँच्न उक्साउनु, समर्पणको अलावा अरू केही गर्नु हुन्न नारीले भन्ने ठान्नुजस्ता कुरा पुरुषप्रधान मानसिकताको अभिव्यक्ति हो भन्ने तथ्यलाई उपन्यासमा देखाइएको छ। त्यस्तै यस उपन्यासमा नारी भएकै कारण अनुराधाजस्ता शिक्षित व्यक्तिलाई समेत आफ्नै खुट्टामा उभिन नदिइएको, आफ्नो लागि निर्णय आफैँ गर्न रोक लगाइएको कुरालाई अनुराधा यसरी व्यक्त गर्दछे:

> काखमा हुर्कें हो, तर उनीहरूले बिताएको जिन्दगी मलाई किन बिताउन दिएनन् ? किन त्यस्तै आवहवामा फल्न र फुल्न दिएनन् ? यसैमा मलाई अफसोस छ। यस दृष्टिकोणले म सरासर ठगिएकी छु। मेरो मगजमा किन विचारहरू कोचिदिए ? किन आफ्नो चाहहरू पूर्ति गर्ने शक्ति ममा भरिदिए ? आफ्नो सपना आफैँ निर्माण गर्ने आफ्नो खुट्टामा आफैँ उभिने यस्तो आत्मविश्वास, आत्माभिमान किन उत्पन्न भए ? उनीहरूले त्यस कन्भेन्टमा मलाई किन पढाए ? वास्तवमा मेरो ध्वंस यसबाट शुरू भयो। चरित्रको ह्रास यसैबाट प्रारम्भ भयो र आज मेरो यस्तो अवस्था छ। म केबाट के भएँ (पृ. ७६) ?

माथि प्रस्तुत हरफमा नारी भएकै कारण उसलाई आफ्नै खुट्टामा उभिन दिइएको छैन। आफ्नो लागि निर्णय आफैँ गर्न रोक लगाइएको छ। त्यसले गर्दा अनुराधा शारीरिक तथा मानसिक रूपमा भित्रभित्रै पीडित बनेको पाइन्छ। आफूलाई पितृसत्तात्मक समाजको विरोधी ठान्ने ऊ विद्रोह र विरोध गर्दागर्दै विक्षिप्त भएकी छे। आफूलाई नारी भएकोमा कमजोर नठान्ने अनुराधा घर, परिवार, समाजको संस्कारले ऊ बेलाबखत अत्यन्त पीडित हुन्छे। नारीको शत्रु नारी भन्ने कुरालाई बुझेर आफू आघातित हुन्छे। पुरुषले त पीडा र दुःख दिन्छन् नै घरकै नारी भनाउँदा आमा र दिदीहरू पनि उसलाई पीडा दिन उद्यत देखिन्छन् भन्दै अनुराधा भन्छे: एक आइमाईको सम्पूर्ण मानवीय स्वतन्त्रतामाथि आघात परिरहेको थियो, एक आइमाईको अनिच्छापूर्वक बलात्कार भइरहेको थियो, एक आइमाईको अस्तित्वलाई जबरजस्ती कुल्चेर प्राणहीन बाटो बनाउने कोसिस भइरहेको थियो (पृ. ८४)।

माथि प्रस्तुत हरफमा नारी हुनुको पीडाबोध पाइन्छ। आइमाईको जीवनले उसको चाहअनुसार जीउन पाउने छैन। उसको इच्छाविपरीत शरीरको, भावनाको इच्छाको बलात्कार हुन्छ अनि कमजोरहरूलाई जहिले पनि पछाडिबाट हान्दछन्। नारी बलियो देखेमा पुरुषहरू नारीलाई अगाडिबाट जित्न नसकी पछाडि छल, कपट गरी जितेरै छाड्छन्। यसको पीडाबोध अनुराधादेवीलाई अत्यन्त चोटिलो पाराले भएको पाइन्छ। नारी भएकै कारण उसको अस्तित्व जबरजस्ती कुल्चेर प्राणहीन बनाउने प्रयास भएको छ। यति हुँदाहुँदै पनि अनुराधा सत्ता र शक्तिले नारीमाथि गरेको लैङ्गिक उत्पीडनका विरुद्ध एक भएर लागेकी छ। शारीरिक चोट भइदिएको भए केही समयमा निको हुन्थ्यो, त्यसपछि बदलाको भाव रहँदैनथ्यो तर भावनामा ठेस लागेको र सत्ता र शक्तिको दमन र शोषणमा परेको कुरालाई यसरी आवेगमा आएर भन्दछे:

> बाहिरबाट जतिसुकै सिँगारिएर सन्तुष्ट छु भन्ने देखाउन खोजे पनि मेरो शरीरले मलाई नै किन धोका दिन्छ ? तर थाहा छ तपाईँलाई भोलि नै म बौलाइदिन के बेर मनुष्य यस्ता विकृतिमा किन काबू पाउन

> सक्तैन ? ममा मूर्छाको रोग लाग्नु बौलाउनु सब यस कारणले हो बुझ्नुभो ? म कहीँ गए पनि शान्ति पाउन्नँ (पृ.६३–६४) ।

माथि प्रस्तुत हरफमा समाजका उच्चवर्गले नारीमाथि गर्ने गलत व्यवहारकै कारण कयौँ नारीहरू भावनात्मक रूपमा मनोरोगी बनेका छन् भन्ने सङ्केत गरिएको छ । त्यस भावनात्मक चोटले गर्दा अनुराधामा आफ्नै परिवार, शक्ति र सत्ताका विरुद्ध एक किसिमको नकारात्मक सोच जागृत भएको छ । अनुराधाले बिहेको घटनापछिको जति पनि घटनाहरू घटाई सबै भावनात्मक आघात वा मनोरोगकै कारण घटाएकी हो । ऊ बिस्तारै विक्षिप्त हुँदै गएकी छे । ऊ अचेत हुँदै गएकी छे । के सही के गलत ? त्यो छुट्याउन सक्ने स्थितिमा देखिँदैन । ऊ अवचेतन अवस्थामै काम गर्छे, अवचेतन अवस्थामै बोल्दछे, हिँड्दछे । उसमा ती आघातित घटनाको पुनः स्मरण भइरहन्छ । तनाव महसुस हुनु, सुत्न गाह्रो भई औषधी सेवन गर्नु, तनाव र रिसको ज्यादा अनुभव गर्नुजस्ता लक्षणहरू संवेगात्मक चोटका कारणबाट देखा परेका हुन् । यसको सम्पूर्ण कारण भनेकै समाजमा नारीप्रति गरिने व्यवहार र हेर्ने दृष्टिकोण नै हो । यसका मूल कारक भनेका समाजका उच्च कुलीन वर्ग हुन् भन्ने कुरा स्पष्ट रूपमा आएको छ ।

**वर्गमा आधारित लैङ्गिक उत्पीडन र त्यसका विरुद्धको प्रतिरोध चेतना**

अनुराधा उपन्यासकी मुख्य नायिका अनुराधा नै वर्गीय तथा लैङ्गिक रूपमा अधीनस्थ हुन पुगेकी छे । पढेलेखेकी शिक्षित नारी भए तापनि अनुराधा आफ्नै घर, परिवार, आफन्तबाट अधीनस्थ भएकी छे । स्वतन्त्रता चाहने र आफ्नो बिहेका लागि आफै केटो खोज्न सक्ने क्षमता भएकी अनुराधा सत्ता र शक्तिकै आडमा समाजमा डर, त्रास, आतङ्क देखाएर धन, सम्पत्तिले सम्पन्न भएको रत्नमानसँग बिहे गर्न बाध्य भएकी छे । त्यसको प्रतिरोधमा रत्नमानकै भाइ कोमलमानसँग मायाप्रेम गरेको नाटक देखाएर रत्नमानप्रतिको बदला लिन ऊ सफल भएकी छे । यतिमात्र नभएर उपन्यासमा समाजमा धनी र गरिब बिचमा भएको भेद र त्यसबाट निर्मित वर्गीय विभेदका कारण कतिपय पात्र प्रभुत्वशाली वर्गको उत्पीडनमा परेका छन् । समाजमा धनी भएकाले जे गरे पनि हुन्छ भन्ने कुरा रत्नमानले समाजमा रहेका राम्रा नारीलाई आफ्नो बनाएर भोग गर्न चाहाने प्रवृत्तिले स्पष्ट पारेको छ ।

समाज तथा समुदायमा रहेका साधनस्रोतमाथि आफ्नो प्रभुत्व कायम राखेर गरिब वर्गमाथि दमन, शोषण, अन्याय, अत्याचार गर्ने परम्पराकै कारण उपन्यासमा अनुधारा आफ्नै घर, परिवारका कारण रत्नमानद्वारा उत्पीडनमा पर्न पुगेकी छ । उपन्यासका अन्यपात्रका तुलनामा कोमलमान, रत्नमानजस्ता प्रभुत्वशाली वर्गका विरुद्ध अनुराधामा सशक्त रूपमा प्रतिरोध चेतना जागृत भएको देखिन्छ । घरपरिवार तथा आफन्तबाट अधिनस्त बनेकी अनुराधा आमा तथा दिदीहरूको परिबन्धमा परेकी छे । त्यसको प्रतिरोध स्वरूप कोठामा एक्लै ढोका लगाएर बसिरहेकी छे । आमा तथा दिदीहरूले ढोका खोल्न आग्रह गरे तापनि ढोका खोलेकी छैन । दिनभर कोठामा धुमधुम्ती भोकभोकै बसेर आफूमाथि आफ्नै परिवारबाट भएको वर्ग तथा लिङ्गमा आधारित उत्पीडनको खुलेरै प्रतिरोध जनाएकी छे । यस कुरालाई तलको उदाहरणमार्फत स्पष्ट पार्न सकिन्छ:

> मैले त्यस दिन मुखमा पानीसम्म हालिनँ । दिदीहरूले धेरै पटक ढोकामा घचघचाउन आए, बाहिरबाट कराए । तर मैले प्रण गरेकी थिएँ, केही पनि खाइनँ । त्यस दिन आमाले पनि आफ्नो अपमान, बेइज्जती भएको सम्झेर मुखमा पानीसम्म हाल्नुभएनछ । दिदीहरू मनाउँदै हार खाएछन् । त्यस दिन घरमा

> खानेकुराको लथालिङ्ग भएछ । मालसामानको गोलमाल भएछ । भिनाज्यू तथा अन्य इष्टमित्रहरू कलबल गरेर कराइरहेका म सुन्दथें । उनीहरू सब जना मलाई नै दोषी ठहर्याउँदै थिए (पृ. ९०) ।

माथि प्रस्तुत हरफमा अनुराधा आफ्नै घरपरिवारका सदस्यहरूबाट पीडित बन्न पुगेकी छे । ऊ पढेलेखेकी एक शिक्षित नारी हुँदाहुँदै पनि उसका कुराहरू कसैले सुनिदिएको छैन् । परिवारका सबै सदस्यहरू अनुराधाको बिहे जसरी भएपनि रत्नमानसँग गराउने तयारीमा लागेका छन् । अनुराधालाई विभिन्न डर, त्रास देखाएर रत्नमानसँग बिहे गर्न बाध्य बनाइएको छ । कोठामा एक्लै ढोका लगाएर बसेर, आमाले भनेका हरेक कुराका विपरित गएर, दिनभरि भोकभोकै बसेर अनुराधाले आफूमा भित्रभित्रै दमित भएर रहेको प्रतिरोधी चेतनालाई उजागर गरेकी छे । अनुराधाले आफू नारी हुनुको पीडाबोध व्यक्त गरेकी छे । आइमाईको जीवन आफूले चाहेअनुसारले जीउने अधिकार छैन् । उसको इच्छाविपरीत शरीरको, भावनाको इच्छाको बलात्कार गरी कमजोर पारिन्छ तर पनि आफूमाथि भएका हरेक किसिमका घटनाक्रमको एकएक बदला लिएरै छाड्ने प्रतिरोधी चेतनाको भाव अनुराधामा पाइन्छ । उपन्यासमा स्वतन्त्रता चाहाने, आफ्नो बिहेका लागि आफै केटो खोज्न सक्षम भएकी अनुराधा आफूलाई जन्मदिने आमा र बालापनमा सँगसँगै हुर्किएका दिदीहरूबाट अधिनस्त हुन पुगेकी छे । प्रभुत्वशाली वर्गको छायामा परेर धनसम्पत्तिले सम्पन्न रत्नमानसँग परिबन्धमा परेर बिहे गर्न बाध्य भएकी छे । रत्नमानलाई दिएको बाचा पूरा नहुँदा अनुराधाकी आमा नै अनुराधाकी बाधक बनेर उभिएकै छे । यस कुरालाई तलको उदाहरणमार्फत स्पष्ट पार्न सकिन्छ:

> मेरी आमालाई आफ्नो कबुल, आफ्नो बाचा तोडिएकोमा चिन्ता भइरहेको थियो, उहाँ आफ्नो टेकमा अड्ने एकप्रकारको गर्विली नारी हुनुहुन्छ भन्ने मलाई थाहा थियो । तर उहाँले सोच्तै नसोचेको, मबाट आशै नगरेको विद्रोहपूर्ण घटना घटिरहेको थियो । यसले उहाँलाई छटपटी भइरहेको थियो । यस्तो भएर पनि उनीहरूले मलाई त्यस्तै नारी सम्झने भूल गरे जसमा क्षणिक, अस्थायी रूपले मात्र विद्रोह गरिरहन्छ, केही काल बितेपछि दुर्वलतापूर्वक आत्मसमर्पण गरिदिन्छे, यिनीहरूको यस प्रकारको विचार सामाजिक संस्कारको प्रतिफल थियो । तर मलाई अर्कै परिवेशमा हुर्केको, अर्कै बनावटी नारी भन्ने सम्झन सकेनन्, जो आत्माभिमानलाई कुनै मूल्यमा पनि बेच्न सक्तिन बरु आफू बर्बादी भएर जान्छे (पृ. ९०) ।

माथि प्रस्तुत हरफमा अनुराधालाई प्रभुत्वशाली वर्गको जालमा फसाएर लैङ्गिक उत्पीडन तथा मानसिक तनाव दिने काम गरिएको छ । अनुराधा एक पढेलेखेकी शिक्षितपात्र हुँदाहुँदै पनि स्वतन्त्र सामाजिक संस्कारको जालमा फसेकी छे । एउटा नारी आफ्नै परिवारका नारी सदस्यबाट दबाइन पुगेकी छे, तर पनि अनुराधामा प्रतिरोध चेतना सशक्त रूपमा देखिएको छ । परिवारका सदस्यले समय आएपछि यसले आत्मसमर्पण गरिहाल्छे, आखिर नारी नै हो एक न एक समय उसको मन पग्लिहाल्छ भन्ने सामाजिक संस्कारको प्रभावले पनि अनुराधामा कुनै असर पार्न सकेको छैन । उपन्यासमा अनुराधा झन्झन् हठ, जिद्धी, कठोर स्वभावकी बनेर गएकी छे । प्रभुत्वशाली वर्गले समाज तथा समुदायमा नारीप्रति गर्दै आएका विभिन्न शोषणको विरुद्धमा अनुराधाले प्रतिरोध जनाएकी छे । उपन्यासमा आफ्नै परिवारले षड्यन्त्रपूर्वक र जालझेलपूर्वक गरिएका हरेक कार्यको बदला लिनका लागि अनुराधा दिनहरू कुरेर बसिरहेकी थिई । आफ्नो अभिमान, इज्जतमाथि चोट पुर्याउनेहरूमाथि जसरी भएपनि प्रतिरोध लिएरै छाड्ने अठोट अनुराधामा जागृत भएको छ । छलकपट गरेर आफ्नो जिन्दगी नै बर्बादीको मोडमा पुर्याउनेहरूमाथि ऊ विक्षुब्ध, क्रुद्ध गोमन सर्पिनी भएर आफूमाथि षड्यन्त्र गर्नेमाथि डस्न तयार रहेको कुराले

प्रभुत्वशाली वर्गप्रतिको प्रतिरोध वा विद्रोही भावलाई दर्साएको छ । यस कुरालाई तलको उदाहरणमार्फत स्पष्ट पार्न सकिन्छ:

> म बदला लिन मौका ढुकिरहेकी थिएँ, मेरो अभिमानमा जुन चोट पुर्याए त्यस्तै मानसिक कष्ट दिन, त्यस्तै छल र कपटले धोका लिएर बर्बादी गर्न । म त्यही नारी थिइनँ, जो लखनौबाट फर्कदाखेरि थिएँ स्वस्थ र संयमित । म अर्कै भइसकेकी थिएँ । विक्षुब्ध, क्रुद्ध गोमन सपिर्निजस्ती । डस्न सधैँ तयार । मेरा दाँतमा विषहरू भरिएका थिए, जसको स्पर्शमात्रले ध्वंस अनिवार्य थियो । ममा कसैप्रति मायाममता रहेन, स्नेह करुणा केही रहेन । प्रेमजस्तो भाव ममा कहिल्यै जीवित रहन सकेन । म त्यो अनुराधा मरिसकेकी थिएँ, जो रूपवती, मनमोहक आकर्षक मात्र थिई । म त्यसको प्रेत थिएँ, उस्तै भएर पनि विकृत अमानुषिक (पृ. ९५) ।

माथि प्रस्तुत हरफमा घरपरिवारको परिबन्धमा परेकी अनुराधा स्वतन्त्र हुन सकेकी छैन् । आफूमाथि भएको षड्यन्त्र तथा जालझेलको बदाला लिनका लागि समय कुरेर बसिरहेकी छे । विभिन्न लोभलालच, डरत्रास देखाएर रत्नमानसँग विवाह गर्न बाध्य भएकी अनुराधा त्यसको बदला लिनका लागि गोमन सपिर्निजस्ती बनेर उभिएकी छे । आफूमाथि आफ्नै परिवाका सदस्यले अन्तरघात गरेपछि उसमा कसैप्रति मायाममता, स्नेह, करुणा, प्रेमभाव मरेर गएको छ । अहिलेकी अनुराधा पहिलेकी जस्ती रुपवती, मनमोहक आकर्षक छैन् । ऊ एक भूतजस्तै देखिन्छे । प्रभुत्वशाली वर्गले आफूमाथि गरेको षड्यन्त्रको बदला वा प्रतिरोध कसरी लिनुपर्छ भन्ने राम्रो चेतना उसमा छ । आफूलाई जर्बजस्ती श्रीमती बनाउन चाहाने रत्नमान र धनसम्पत्तिको लागि जस्तोसुकै पुरुषलाई आफ्नी छोरी सुम्पन तयार हुने आमासँग बदला लिनकै लागि अनुराधा मानसिक रूपमा तयारी अवस्थामा छे । उपन्यासमा डर, त्रास, आतङ्क देखाएर रत्नमानसँग घर जान बाध्य बनाइएको छ । रत्नमानसँगै घरतिर जाँदै गर्दा भने अनुराधाका मनमा उसँग कसरी बदला लिने भन्ने कुरा मात्र खेलिरहन्छ । हिँड्दाहिँड्दै पहिलो भेटमा नै रत्नमानलाई छुरी झिकेर हानिदिने वा बदला लिने सोच राख्दछे । यस कुरालाई तलको साक्ष्यमार्फत थप स्पष्ट पार्न सकिन्छ:

> रिसको तोडमा म घरबाट एकलै बाहिर निस्केकी थिएँ र एकलै डाइरेक्टर रत्नमानसिंहको घरतर्फ जाँदै थिएँ । दिमागमा एउटै कुरा बाहेक अरू केही पनि आइरहेको थिएन, एउटा कुरा – पहिलो भेटमा नै छुरी झिकेर अचानक हानिहाल्छु र मारिहाल्छु । जुन कोखामा छुरी घुसारेकी थिएँ, त्यस ठाउँमा बराबर छामेर हिंडिरहेकी थिएँ । चाँडै पुग्ने हडबडीले मेरो हिंडाइ र पाइला गोलमालिएर लोटुँला जस्तो भइरहेको थियो (पृ. १०१) ।

माथि प्रस्तुत हरफमा प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने पात्र रत्नमानसँग बिहे गरेर घर जाने क्रममा अनुराधाको मानसिकतामा प्रतिरोध क्षमता सशक्त देखिन्छ । घरपरिवार, समाज तथा समुदायमा रहेका स्रोतसाधनमाथि आफ्नो प्रभुत्व कायम राखेर लैङ्गिक रूपमा पछि पारिएका, समाजले फरक दृष्टिले हेरिंदै आएका नारी जातिमाथि इच्छाविपरित हुने गरेका कुनै पनि कार्यले राम्रो परिणाम दिन नसक्ने प्रतिरोधात्मक चेतना पाउन सकिन्छ ।

सामाजिक कुसंस्कारकै कारण अनुराधा घरपरिवारका कारण प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने, महिलालाई भोग्याको साधन ठान्ने पुरुषपात्रद्वारा उत्पीडिनमा पर्न पुगेकी छे । यहाँ अनुराधा उपन्यासका अन्य पात्रका तुलनामा रत्नमानप्रति धेरै प्रतिरोधी देखिन्छे । रत्नमानले बोलेका हरेक कुरामा प्रतिरोध गर्न पुग्दछे । रत्नमानलाई मारेर मात्र

आफूले शान्ति पाउने आशाले उसले कम्मरमा चक्कु बोकेर हिंडिरहेकी छे । पटकपटक बाटामा नै रत्नमानलाई मारिदिने उत्साह भित्रभित्रै जागृत गर्दै अगाडि बढ्छे ।

## पितृसत्तामा आधारित लैङ्गिक उत्पीडन र त्यस विरुद्वको प्रतिरोध चेतना

नेपाली समाज पितृसत्तात्मक रहेकाले महिलाहरूमाथि सदियौँदेखि शोषण र उत्पीडन कायम रहेको देखिन्छ । पुरुष भएकै कारण व्यक्ति घर, परिवार तथा समाजमा शक्तिशाली ठहरिने एवं महिला भएकै कारण कमजोर अनि अपहेलित ठहरिने संस्कार र संस्कृतिका कारण नेपाली समाजमा लैङ्गिक उत्पीडनले जरा गाडेको छ । अनुराधा उपन्यासमा पुरुष भएकै कारण कुनै व्यक्तिले महिलालाई कुटपिट गर्ने, धम्क्याउने तथा यौनशोषण गर्नेजस्ता उत्पीडन कायम राखेको देखिएको छ । यस प्रकारको उत्पीडनलाई यहाँ पितृसत्तामा आधारित लैङ्गिक उत्पीडन मानेर विश्लेषण गरिएको छ ।

अनुराधा पितृसत्तामा आधारित लैङ्गिक उत्पीडनले गर्दा मानसिक रूपमा विक्षिप्त भएकी देखिन्छे । घरमा सबैभन्दा धैरै पढेकी अनि सानैमा पनि बासँग बसेकाले उसले आफ्नो संस्कार सिक्न सकिनँ । जति सिकी आफ्नो साथीसङ्गीमार्फत मात्र सिकी जसले गर्दा घरको संस्कार र उसको संस्कारमा फरक देखियो । सानैदेखि बाहिरै बसेर ठूलो भएपछि घरमा आउँदा घरमा संस्कार सिकाउन गाह्रो पर्दछ । त्यसले गर्दा त्यहाँ पनि द्वन्द्व वा झगडा चल्दछ । संस्कारका सम्बन्धमा आ–आफ्नो तर्कविर्तक चल्दछ । घरमा आमा र दिदीहरू एकातर्फ र अनुराधा एकातर्फ रही संस्कारको बारेमा आ–आफ्नो अडानसहित व्यवहार गर्दछन् जसले गर्दा दुवैतर्फ तनावको अवस्था सिर्जना हुन्छ । नेपाली समाज पितृसत्तामा आधारित छ । घर आमाको निर्देशनमा चले तापनि पितृसत्तात्मक शासन व्यवस्थाको कुनै न कुनै रूपमा प्रभाव रहने कुरा यस उदाहरणबाट थप स्पष्ट हुन्छ:

> उसका आमा, दिदीहरू चाहन्छन् – उसले आफ्नो खुसी र आफ्नो स्वतन्त्रतालाई पूरै बलिदान गरी परिवारको इज्जतको लागि चुपचाप रत्नमानकी स्वास्नी बन्न स्वीकारोस् र उसको घरमा भित्रोस् । त्यहाँ उसले सामान्य गृहिणी नारीको जीवन बाँच्न रोजोस् । रत्नमानको घृणास्पद चरित्रप्रति उसका आमा दिदीहरूलाई कुनै गुनासो छैन । उनीहरूले केवल रत्नमानको धन देखेका छन् अनि प्रतिष्ठित जागिर र उसको कथित सम्मानित सामाजिक जीवन बस त्यतिलाई हो उनीहरूले महत्त्वको कुरा ठानेको आफ्नो अस्तित्वमाथि अधिकार प्राप्त गर्न खोज्ने अनुराधाको चाहनालाई तिनीहरूले बुझ्न नसक्नु वा बुझेर पनि बुझ पचाउनुले तिनीहरू समाजमा पितृसत्ताको प्रभुत्व बचाएर यथावत् राख्न चाहन्छन् भन्ने पुष्टि हुन्छ (पृ. ६९) ।

माथि प्रस्तुत हरफमा त्यही पितृसत्तात्मक संस्कार पनि अनुराधाको अभिघातको कारक बनेर आएको पाइन्छ । परिवारको इज्जतको लागि अनुराधाले आफ्नो खुसीलाई बलिदान दिनुपर्ने सोच आमासँगसँगै उसका दिदीहरूको पनि रह्यो, किनकि उनीहरूको मानसिकता पितृसत्तात्मक मूल्यमान्यताले पूरै पोषित थियो । त्यसैले छोरी भएर जन्म लिइसकेपछि नारीलाई समाजमा रहेको धार्मिक, सांस्कृतिक रीतिरिवाज प्रथाप्रति औँला ठड्याउने अधिकार छैन । अनुराधाका आमा र दिदीहरू आफूले के गरिदिँदा परिवारको इज्जत बँच्छ, सोही मात्र सोच्नुपर्ने ठान्दछन् । उपन्यासमा रत्नमानमा त झन् पितृसत्तात्मक संस्कार अझ देख्न सकिन्छ । ऊ पुरुषप्रधान मानसिकताको जिउँदोजाग्दो प्रतिरूप बनेर प्रस्तुत भएको छ । अनुराधामाथि गिद्धे दृष्टिले हेर्नु नारीलाई भोग्या चिज मान्नु, नारीमाथि एकाधिकार जमाउन खोज्नुले पनि उसको पितृसत्तात्मक चरित्र प्रस्ट हुन्छ । यसरी अनुराधालाई षड्यन्त्रपूर्वक विवाहको जालमा फसाउनुमा उसका आमा र दिदीहरूको पुरातन सोच र

संस्कार मुख्य दोषी देखिन्छ, जसलाई अनुराधाले समेत व्यक्त गरेकी छे:

> उनीहरूले मलाई त्यस्तै नारी सम्झने भूल गरे जसमा नजिक अस्थायी रूपले मात्र विद्रोह रहिरहन्छ, केही काल बितेपछि दुर्बलतापूर्वक आत्मसमर्पण गरिदिन्छे, यिनीहरूको यसप्रकारको विचार सामाजिक संस्कारको प्रतिफल थियो तर मलाई अर्कै नारी भन्ने सम्झन सकेनन्, जो आत्माभिमानलाई कुनै मूल्यमा पनि बेच्न सक्तिन बरु आफू बर्बादी भएर जान्छे (पृ. ९०)।

माथि प्रस्तुत हरफमा समसामयिक समाजमा भिजेकी अनुराधाको आधुनिक संस्कार र उही रूढिबुढीमै रमाएका उसका आमा दिदीहरूको पूरातन संस्कारले दुवैतर्फ लैङ्गिक उत्पीडनलाई सिर्जना गरेको पाइन्छ। परम्पराको नाममा अस्तित्व शून्य खोक्रो एउटा नाम मात्रको जीवन बाँच्न बाध्य पार्न खोज्ने प्रचलित पूरातन सामाजिक मान्यताप्रति अनुराधाले रोष प्रकट गरेकी छे र भनेकी छे:

> उनीहरूको दृष्टिमा मैले भयङ्कर भूल गरेँ। समाजको नजरमा कुलीन ठहरिएको शिक्षित धनाढ्य, भद्र व्यक्तिसँग मैले बिहे गरेर जानुपर्थ्यो र बाबुआमाको धर्म पनि त्यस्तै घर खोजेर छोरीलाई विवाह गरी पठाइदिनु न हो। उनीहरूका समझमा मैले अक्षम्य अपराध गरेँ। सभ्यताको सीमा नाघेँ (पृ. ८५)।

माथि प्रस्तुत हरफमा नारीलाई निर्जीव वस्तुसरह सोच्नु, नारीको सुखलाई धनसम्पत्तिसित दाँज्नु, उसलाई अर्काको धनमा रमाएर बाँच्न उक्साउनु, समर्पणको अलावा नारीले अरू केही गर्नु हुन्न भन्ने ठान्नु यो सबै पुरुषप्रधान मानसिकताको अभिव्यक्ति हो। आमाले अनुराधाको त्यस्तो व्यवहार देखेर कुन साइतमा मैले पाइछु भन्नु पनि त्यसै पुरातन पितृसत्तात्मक संस्कारको उपज हो। यसका साथसाथै माथिको उदाहरणमा महिलामाथि हुने उत्पीडनलाई समाजले नै सामान्य रूपमा लिनुले पुरुषप्रधान सामाजिक संरचनाभित्र जरो गाडेर बसेको लैङ्गिक उत्पीडनको जीवन्त तस्बिर प्रस्तुत भएको छ।

अनुराधा उपन्यासमा पनि लैङ्गिक उत्पीडनको यो स्थिति संवेदनशील रूपमा उद्घाटित भएको छ। लैङ्गिक उत्पीडनका भिन्न भिन्न प्रकृतिअनुसार उपर्युक्त शीर्षकमा विश्लेषण गरिएको भए पनि उत्पीडनका अवस्थाहरू एकअर्कासँग सम्बन्धित देखिन्छन्। शक्ति आधारित लैङ्गिक उत्पीडनलाई प्रकारान्तरले वर्गमा आधारित उत्पीडनका रूपमा र वर्ग आधारितलाई शक्तिमा आधारित उत्पीडनका रूपमा पनि विश्लेषण गर्न सकिने देखिन्छ। कोमलमान, रत्नमान, समुद्रमान शक्तिशाली भएकाले उनीहरूले अनुराधालाई गरेको उत्पीडनलाई शक्तिमा आधारित भन्न सकिन्छ भने उससँग प्रशस्त धनसम्पत्ति भएको र त्यसैका आधारमा शोषण गर्न खोजेको हुँदा यसलाई वर्गमा आधारित भन्न सकिन्छ। कोमलमान, रत्नमान, समुद्रमानजस्ता पात्रहरू पुरुष भएको र समाजमा पुरुष वर्गकै हालीमुहाली रहेकाले पितृसत्तामा आधारित उत्पीडन पनि भन्न सकिने देखिन्छ।

लैङ्गिक उत्पीडनका प्रकृति भिन्न भिन्न भए पनि ती भिन्नताहरूमा समानता पनि रहेको देख्न सकिन्छ। शक्तिसम्पन्न हुनु, धनी हुनु वा पुरुष हुनुमध्ये तीनओटै कारण छुट्टाछुट्टै रूपमा पनि लैङ्गिक उत्पीडनको माध्यम बनेको देखिन्छ भने तीनओटै कारण संयुक्त रूपमा पनि कारण बनेको देखिन्छ। जे होस्, अनुराधामा लैङ्गिक उत्पीडनको भयावह अवस्थालाई देखाइएको छ। साथसाथै गरिबी, अभाव, चरम शोषण र चेतनाहीनताका कारण महिलाहरू लैङ्गिक उत्पीडनविरुद्ध सङ्घर्ष गर्न सक्ने अवस्थामा नरहेको समेत देखाइएको छ।

## निष्कर्ष

अनुराधा उपन्यासमा लैङ्गिक उत्पीडन र त्यसका विरुद्धको प्रतिरोध चेतना सशक्त बनेर आएको छ । उपन्यासमा लैङ्गिक रूपमा पछाडि पारिएका नारीपात्रहरू प्रतिरोधजन्य मनस्थिति विद्रोहका रूपमा सशक्त बनेर आएका छन् । पुरुषप्रधान समाजले महिलालाई हेर्ने र गर्ने व्यवहारकै कारण लैङ्गिक विद्रोह जन्मिएको छ । उपन्यासमा अनुराधामाथि रत्नमानजस्ता पुरुषपात्रले शारीरिक उपभोगका निम्ति रचिएका प्रपञ्चलाई कमजोर तुल्याउन खोज्नु लैङ्गिक उत्पीडन र त्यसका विरुद्धको प्रतिरोध चेतनाको उदाहरण हो । उपन्यासमा अनुराधाले रत्नमानसँग बदला लिनकै लागि कोमलमानसँग सम्बन्ध राख्न खोज्नु, रत्नमानसँग प्रतिरोध लिन छुरीद्वारा हत्या गर्न खोज्नुजस्ता कार्य लैङ्गिक विद्रोह र त्यसका विरुद्धको प्रतिरोध चेतनाको राम्रो पक्ष हो । स्वयंवर गरी सकेकी नारीले पति नमान्न परिवारसँग विद्रोह गरेको, आफूले भनेजस्तो नभएर घरै छाडेर समेत हिँड्नु लैङ्गिक विद्रोह हो ।

मल्लको अनुराधा उपन्यासमा लैङ्गिक उत्पीडन भोगिरहेका पात्रहरूमा सत्ता र शक्ति, पितृसत्तात्मक शासन व्यवस्थाले आफूहरू माथि गर्दै आएका विभेदजन्य क्रियाकलापप्रतिको विद्रोह चेतना सशक्त देखिन्छ । नारीपात्रहरूले पुरुष अधीनस्थ सामाजिक संरचना, सत्ता र शक्ति, पितृसत्ताले बनाएका आफू अनुकूलका नीतिनियम र आदर्शका विरुद्ध विद्रोह गरेका छन् । समान अवसर र समान व्यवहारका निमित्त गरिएका ती क्रियाकलापले समाजको आधा अधिकारलाई स्थापित गर्न खोजेको छ । अनुराधा उपन्यासकी मुख्य पात्र अनुराधा पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक, लैङ्गिक आदि समस्या भोग्न बाध्य छे । यसको मूल कारण भनेको पुरुषप्रधान सामाजिक सोच र व्यवहार देखिन्छ । पुरुषप्रधान सोचका कारण उत्पन्न नारी समस्याप्रति अनुराधा स्वयम्ले विद्रोह गरेकी छे । पुरुष अधीनस्थ सामाजिक संरचना, पुरुषवादी समाजले बनाएको आफू अनुकूलको नीति, नियम र आदर्शको भण्डाफोर गरेकी छे । विद्रोहकै सिलसिलामा अनुराधाले पुरुषसरह समान अवसर र अधिकारको अपेक्षा गरेकी छे । उपन्यासमा अनुराधाले आफ्नो अस्तित्व रक्षाका लागि पुरुषहरूको ज्यादतीको विरुद्धमा वैचारिक एवम् भौतिक विद्रोहसमेत गर्ने साहस गरेकी छे । उपन्यासकी मुख्य पात्र अनुराधा चेतनशील, बौद्धिक र आर्थिक अवस्था सबल नै भएकी देखिन्छे । आफ्नो चेतना स्तरका कारण ऊ उपन्यासमा विद्रोह गर्न सबल देखिन्छे । अतः मल्लको अनुराधा उपन्यासमा राणाकालीन समय र त्यतिबेलाका जनताको दयनीय जीवनशैली, पुरुषवादी समाजले महिलामाथि गर्ने विभेदजन्य व्यवहार, नेवारी समुदायमा कुप्रथाका रूपमा रहेको कुमारी प्रथा र त्यसले समाज तथा समुदायमा फैलाएको अन्धविश्वास, जातीय, वर्गीय तथा लैङ्गिक रूपमा पछि पारिएका वर्गमा जागृत हुँदै गइरहेको प्रतिरोधी चेतना पाइन्छ ।

## सन्दर्भ सामग्री

गुरागाईं, राधिकादेवी. (२०७१). 'स्वास्नीमान्छे नाटकमा लैङ्गिकता'. *वाङमय*, (वर्ष १५, पूर्णाङ्क १५), पृ. ८०–८९.

ज्ञवाली, विष्णुप्रसाद. (२०७०). सांस्कृतिक अध्ययन : अवधारणात्मक ढाँचा'. *तन्नेरी*, (३५:४ चैत–वैशाख), पृ. १–४९.

भट्टराई, रमेशप्रसाद. (२०६८). 'सांस्कृतिक अध्ययनको परिचय र विकास'. *भृकुटी*, (१६ साउन–असोज), पृ. ३४५–३६५.

मल्ल, विजय. (२०५८). अनुराधा. काठमाडौँ साझा प्रकाशन.